सकेसम्म स्वदेशमै रोजगारी गरौं, विदेश जाने नै भए शिप तालिम लिएर मात्र जाऔं ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

❍वर्ष ८ ❍अंक १०४ ❍श्रेणी 'क' ❍२०७२ माघ १ गते शुक्रबार ❍ 15 Jan. 2016 ❍पृष्ठ ४ ❍मूल्य रू. ५/-

**खुशीको खबर !!!**

योग निद्रा सिकेर आफ्नाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफ्नाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८५६९७०३२९६

## छैटौं पोखरा महोत्सव शुरु,झाँकी र च्याली प्रदर्शन

# पश्चिमाञ्चलको समग्र विकासमा पहलकदमी गर्छु-गृहमन्त्री बस्नेत

❧गोल्डेन न्यूज संवाददाता
पोखरा ३० पुस ।

गृहमन्त्री शक्ति बस्नेतले केहि दिनाभित्रै आपूर्ति व्यवस्था सहज हुने बताएका छन् । पोखरामा विहिबारबाट सुरु भएको छैटौं पोखरा महोत्सवको उद्घाटन गर्दै मन्त्री बस्नेतले अहिले कायम असहजताको छिट्टै अन्त्य हुने भन्दै परिस्थितिमा सुधार आउने संकेत गरे । जारी समस्या समाधानको लागि राजनीतिक र कूटनीतिक रुपमा पहल भैरहेकाले केहि दिनमै आपूर्ति व्यवस्था सहज हुने उनको दावी छ । समस्या समाधानका लागि गम्भीर छलफल र वार्ता भैरहेको जानकारी दिदै उनले आपूर्ति सहज बनाउन सरकार प्रयत्नशिल रहेको बताए । कतिपय कूराहरु राजनीति र कूटनीतिक मर्यादा तथा परिधि भन्दा बाहिर रहेकाले त्यसलाई शान्ति सुरक्षा कायम गर्ने सवालमा सोहि अनुसार सरकार प्रस्तुत हुने मन्त्री बस्नेतले बताए । ६० प्रतिशत आपूर्ति हुने वीरगंज नाका ठप्प रहेको र ४० प्रतिशत आपूर्ति हुने अन्य नाका मार्फै सहज भएकाले केहि दिन भित्रै वीरगंज नाकालाई पनि सहज बनाईने उनले बताए । आपूर्ति असहजताको अवस्थामा, दैनिक उपभोग्य वस्तुको अभावमा जनजीवन अस्तव्यस्त नबनोस् र कसैले पनि अनुचित लाभ उठाउन नपाओस् भन्ने बारे सरकार गम्भीर रहेको मन्त्री बस्नेतको भनाई छ । कालोबजारी र तस्करी रोक्न सम्बन्धित निकायलाई उनले निर्देशन समेत दिए । बस्नेतले पोखरामा विकासका कामहरु शुरु भइरहेको र चिडियाखानाको बारेमा बनमन्त्री संग सहकार्य गर्ने र ससदमा पनि यस बारेमा बहस चाल्ने समेत स्पष्ट पारे। पोखरामा चिडियाखाना सरी अन्तर्राष्ट्रिय विमानस्थलको समेत काम अगाडि बढ्ने भएकाले पश्चिमाञ्चलको विकासमा आफूहरु प्रतिवद्ध भएर लाग्ने समेत बताए ।

कार्यक्रममा वीरगन्ज उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष अशोक वैद्यले सरकारमा रहेका मन्त्रीहरु विकासको काममा भन्दा कुचीको खेलमा लाग्दा मूलुकको अर्थतन्त्र अस्तव्यस्त भएको भन्दै गृहमन्त्री बस्नेतको ध्यानाकर्षण गराए । उनले आगामी वर्षहरुमा पोखरामा बन्ने चिडियाखानालाई सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गरे ।

कार्यक्रममा सांसद शारदा पौडेलले पोखरामा चिडियाखाना निर्माणका लागि सबै राजनीतिक दलहरु एकजुट भएकाले सरकारी स्तरबाट यसमा सहयोग आवश्यक रहेको बताइन भने एमाले कार्यकीका अध्यक्ष कृष्णबहादुर पाण्डले पछिल्लो समय विकास निर्माणका काममा सरकारले त्यति चासो नदेखाएको भन्दै कास्कीका क्षेत्र नं. १ र २ का सांसदले आफ्नो सांसद कोषको रकम चिडियाखानामा लगानी गर्न सुझाव दिए ।

एकीकृत माओवादी कास्कीका अध्यक्ष दिपक कोइरालाले पोखराको विकासमा आफूहरु सदैव सकारात्मक रहेको र आगामी दिनमा पनि सम्पूर्ण राजनैतिक दलहरुसंग सहकार्य गरेर अगाडि बढ्न तयार रहेको बताए । पश्चिमाञ्चल क्षेत्रीय प्रशासक

*बाँकी अन्तिम पृष्ठमा.....*

## पार्टीभित्रको दुवै पक्षलाई मिलाएर अघि बढ्छु-देउवा

❧गोल्डेन न्यूज संवाददाता
पोखरा ३० पुस ।

नेपाली कांग्रेसका वरिष्ठ नेता एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेसमा पक्ष विपक्ष दुवैलाई आफूले मिलाएर लैजाने बताएका छन् । नेपाली कांग्रेस केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानको दुई दिने प्रशिक्षण कार्यक्रमको विहीबार समापन गर्दै उनले पार्टीभित्रको निर्वाचन लोकतन्त्रको महत्वपूर्ण पक्ष भएकाले जित्नेले हार्नेलाई लिएर र हार्नेले जित्नेलाई साथ दिएर अघि बढ्नुपर्ने बताएका हुन् । पार्टीभित्रको पक्ष विपक्षलाई गुटबन्दी भन्न नमिल्ने उल्लेख गर्दै उनले पार्टीलाई एकजुट बनाउने मुख्य जिम्मेवारी जित्नेको हुने बताए । पार्टीमा पक्ष र विपक्षको सन्तुलन भएमा सङ्गठन बलियो बन्ने उनी भनाइ छ ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् सांसद कमला पन्तले पार्टी निर्वाचनमुखी नबनी नीति र कार्यक्रममुखी हुनुपर्ने बताइन् । केन्द्रीय सदस्य एवम् सांसद अर्जुन जोशीले पार्टीमा गुटबन्दी भन्न नमिल्ने उल्लेख गर्दै उनले पार्टीलाई एकजुट बनाउने मुख्य जिम्मेवारी जित्नेको हुने बताए । पार्टीमा पक्ष र विपक्षको सन्तुलन भएमा सङ्गठन बलियो बन्ने उनी भनाइ छ ।

केन्द्रीय सदस्य एवम् सांसद रत्ना शेरचनले संविधान जारी भइसकेपछिका चुनौतीलाई सामना गर्न कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताइन्।

## ६४ तोला सुनसहित तस्कर पक्राउ

❧गोल्डेन न्यूज संवाददाता
पोखरा ३० पुस ।

काठमाडौंबाट अवैध सुन लिएर बाग्लुङ जादै गरेकी एक महिला पोखरामा पक्राउ परेकी छिन् ।

५५ तोला ९२ लाल अवैध सुन सहित बाग्लुङ नगरपालिका ३ की ४० वर्षिय तृष्णा श्रेष्ठ पक्राउ विहिबार परेकी हुन् ।

अवैध सुन लिएर आउदै गरेको विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले उनलाई पोखराको बुद्धचोकबाट नियन्त्रणमा लिएको हो ।

बाग्लुङको धौलागिरी चोकमा गणपति सुनचाँदी पसल सञ्चालन गर्ने उनले अवैध रुपमा सुन ओसार-पसार गर्ने गरेको प्रहरीले जनाएको छ । उनले प्रहरी समक्ष मकवानपुरबाट अर्को एक जनाले काठमाडौं ल्याएको र त्यहाबाट आफूले लिएर आएको बताएकी छिन् । उनलाई थप कारवाहीका लागि आन्तरिक राजश्व कार्यालय चुहवल पठाईने प्रहरी निरीक्षक बेद प्रकाश जोशीले जानकारी दिए । उनी अहिले बडा प्रहरी कार्यालय रामबजारको हिरासतमा छिन् ।

कास्की प्रहरीले केही दिनअघि पनि काठमाडौंमा सुन चोर्ने र पोखरामा पनि सुन चोर्ने योजना बनाउनेहरुलाई १ किलो सुन सहित पक्राउ गरि सार्वजनिक गरेको थियो ।

**कोरियन भाषामा भर्ना खुल्यो**

नेपाल सरकारबाट कोरिया भाषाको स्वीकृति प्राप्त प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूटमा कोरियामा ५ वर्ष बसी कोरियन भाषाको व्याकरण र उच्चारण विधि अध्ययन गरेर आउनुभएका स्थातिप्राप्त शिक्षकद्वारा अडियो तथा भिडियो माध्यमबाट EPS-TOPIK कोर्ष अध्यापन गराइन्छ ।

शुरुमा आउनेलाई विशेष छुट

सम्पर्क

**प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूट**
न्यूरोड, पोखरा (पृथिना हल अगाडि, मेट्रो डेभलपमेन्ट बैंकसंगै)
फोन : ०६१-५२०८५२, ४८१७१३४४६३३, ९८४६७०७६१५

**मृटुरोगीहरुलाई खुशीको खबर**

शान्ति योगाध्यान हृदयरोग केन्द्र काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. सुरारी दुआलाद्वारा उच्च रक्तचाप, मुटु ढल्किने, स्वां स्वां हुने, खुरि पुग्ने, भारी हुने एन्जियोग्राम गरेको विरामीहरुलाई निम्न मिति, समय र स्थानमा स्वास्थ्य परीक्षण हुने भएकोले सम्पूर्ण मुटुरोगीहरुलाई लाभ लिनुहुन अनुरोध गरिन्छ। साथै, ECG र ECO को पनि व्यवस्था छ।
नयाँ तथा पुराना रोगीहरुले आफ्ना पुरानो सम्पूर्ण रिपोर्टहरु आउनुहोला।

स्थान : अन्नपूर्णी फार्मेसी
(चरक हस्पिटलको opposite पश्चिमाञ्चल ईन्फ्रा हस्पिटलपछाडी)
मिति : २०७२ माघ २ गते, शनिवार
समय : बिहान ८:०० बजेदेखि बेलुका ३:०० बजेसम्म

सिट बुकिंग गराईसकेका मु-रुग्णले बस्नोला ।

सम्पर्क :
०६१-५३४४४८, ९८४६०६४४८८, ९८५६०३५५८७, ९८४६०३६८७९

**कर्मचारी आवेदन फर्म भर्ने सूचना !**

कृषि विकास बैंक लिमिटेडमा माग गरिएको २५८ जना सहायक कर्मचारीका लागि फर्म भर्ने तथा फर्म बुझाउनका लागि यस केन्द्रमा शीघ्र सम्पर्क गर्नुहोला ।

*नोट : तयारी कक्षा, Syallabus, फर्मको समेत व्यवस्था छ ।*

Contact:
**MATCOSC**
टीका भवनको तेस्रो तला, मंहदपुल, पोखरा (सीता भवनको ठीक अगाडि)
Ph:061-540297, 9846119575, 9849292120

**सुन्दर हेयर एण्ड ब्युटी**

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension लगेंका साथै ब्राइडल प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेसी केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ९८४६८५५३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

**BABIN TAILORING**
Shirting & Suiting

बबिन टेलरिङ्ग सेन्टर छिना ?

- तपाईले खोजेका कुनैपनि मुगलतरीय ब्रान्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् मुगलतरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि मुगलतरीय भेरिएट्स मेडिल प्रयोग गरिने,
- यहाँको साथा, सहमाव र विश्वासको निरन्तरताको लागि,
- अफिसर्स कर्मीजस ड्रायिङ्ग, बैंक, कलेज, स्कुल र विद्यार्थीहरुका सम्पूर्ण पोशाकका लागि ।

हाम्रो साथाले सधैं बबिन टेलरिङ्गमा विश्वास दिलाउछ...

बबिन टेलरिङ्ग सुटिङ्ग एण्ड सुटिङ्ग
डायमन्ड चोक, पोखरा-लेखनाथी-१, फोन: ०६१-५२०५७०

DIGAM | Ashwin | OCM | Budhi | Rajyalaxmi

**टाउको दुखेका बिरामीहरूलाई खुशीको खबर**

यस पञ्चम आयुर्वेद क्लिनिकमा यही माघ २ गते शनिवार बिहान अनुभवी डा. सुमन्द्र कार्की आउनुहुने भएकोले टाउकोसम्बन्धी विभिन्न समस्याको परीक्षण तथा उपचार हुने भएकोले सम्बन्धित बिरामीहरुले सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**लक्षणहरु** : लामो समयदेखि टाउको दुखिरहने, आधा टाउको दुखने, माइग्रेन, पुरा टाउको दुखने, रुघा, पिनास, एलर्जीका कारण टाउको दुखिरहने, अनिद्रा चिन्ताका कारण अत्यधिक टाउको दुखाइका रोग तथा समस्या भएमा साथै महिलाहरुको महिनावारी वा पाठेघरमा हुने विभिन्न समस्याका लागि सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**टाउको, पिनास, नाकको एलर्जी तथा पाठेघरका बिरामीहरुको तुरुन्त उपचारको व्यवस्था छ ।**

बिरामी जाँच्ने समय : २०७२ माघ २ गते शनिवार, बिहान ८ बजेबाट बेलुका ४ बजेसम्म मात्र । फोनबाट पनि नाम दर्ता गराउन सकिनेछ ।

**पञ्चम आयुर्वेद क्लिनिक प्रा.लि.**
इन्द्रचोक (रंगशालानजिकै), पोखरा-१०
फोन : ०६१-४३२२४२, मोबाइल : ९८४६०-६८८०६

**के तपाई नेपालमै केही गर्न चाहानुहुन्छ ?**

रोजगारीका लागि विदेश जानुं वा लाखौंमा ब्याजमा ऋण लिएर आफ्नाली गर्न चाहानुहुन्छ भने तपाईको रोजाई बन्न सक्छ ।

**★ सिर्जना मिनी मार्केट ★**

पोखराको मुटु रिजिकोको रिवत मेट्रोपिटी हस्पिटल अगाडी पर्सिद्ध कृषिमा सम्पन्न नागमणि रहित रुजरे खाजाकुरि पसल यहा सस्तामा रहेको शुजमा मिनी मार्केटमा सबैको सस्तो कृषिमा गराईसक्नुहोस् ।
सबै सबजेक्टिभ मार्केट सञ्चालन गर्दै आएका अनुभवी व्यक्तिहरुद्वारा सञ्चालित रिजिमा मिनी मार्केट अति नै उपयुक्त रहेको छ ।

**यहां मांडा, खाद्यान्न, फलफुल, तरकारी, लताकपडा व्यवसाय गर्न सकिन्छ ।**

थप जानकारीका लागि सम्पर्क : ९८४६०५०५०५ (कृषिमा सम्पन्न खुसराज अधिकारी) ९८४६०५०५०५ (कृषिमा सम्पन्न खुसराज अधिकारी) ९८४६०५०५०५ (कृषिमा सम्पन्न खुसराज अधिकारी)

## पोखरा विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र संकाय

लेखनाथ,कास्की फोन नं.: ०६१-५६१६५५

## कोटेशन आह्वान सम्बन्धी सूचना !!!

प्रथम पटक प्रकाशित मितिः २०७२/१०/०१ गते

यस कार्यालयमा आ.व. २०७२/०७३ मा आवश्यक पर्ने उल्लेखित विवरण अनुसारको टायर खरिद गर्नुपर्ने भएको हुँदा सम्बन्धित कामको इजाजत प्राप्त फर्म, संस्था/कम्पनीबाट देहायको सर्त अनुसारको अधिनमा रही रितपूर्वकको सिलवन्दी कोटेशन आह्वान गरिन्छ ।

**सर्तहरु** :

- ❖हेभी (दुई सापटे) सवारी साधनको टायर (साइज 9x20) हुनुपर्ने ।
- ❖अगाडि र पछाडि दुवै तर्फको टायरको मूल्य उपलब्ध गराउनुपर्नेछ ।
- ❖टायर ओरिजिनल हुनुपर्नेछ ।
- ❖फरक फरक कम्पनी वा ब्राण्डको भए कम्पनी वा ब्राण्ड खुलाई सोहि अनुसारको दररेट उपलब्ध गराउनुपर्नेछ ।
- ❖फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आयकर दर्ता प्रमाणपत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपी समेत पेश गरेको हुनुपर्नेछ ।
- ❖कोटेशन सिलबन्दी गरी सही र फर्मको छाप लगाई मिति २०७२ माघ १५ गते कार्यालय समयभित्र दर्ता गराइसक्नुपर्नेछ ।

# साहित्य

## मुक्तकहरु

तीर्थराज अधिकारी

शान्त समाजमा अशान्ति बडाउन थाल्छ
धार्मिक सहिष्णुता भँडाउन थाल्छ
मूर्ख मनुष्य चुच्चुरोमा पुग्यो भने, कतै
माथिबाटै डुङ्गा मुढा लडाउन थाल्छ।
सर्वसाधारण ग्राहीमान हुँदा नेताको शान हुन्छ भने
सार्वभौम जनताको निस्फिकी अपमान हुन्छ भने
संविधान लेखेर मात्र आखिर हुने नै के पो हो र ?
क्यामरा देख्दा अवरोध बाल मनमा बन्दुकको भान हुन्छ भने ।

❖❖❖

नजिकनजिक छन् तर एकले अर्कोलाई छुँदैनन्
नचिने जस्तो गरेर टाढा-टाढा पनि हुँदैनन्
सोच्नु त एक पटक आफ्नै शरीरका दुइ नयन
सँगै हास्छन् पीर परेको बेला एक्लै रुदैनन् ।

❖❖❖

देशको वास्तविक स्थिति आँकडामा लेखिन्छ
त्यसको गहिरो अध्ययन नै धरातलमा टेकिन्छ
धरहराको टुप्पोबाट तलतिर हेर्दा त केवल
भिँगटीको छाना र चिम्नीको धुँवा मात्र देखिन्छ ।

❖❖❖

हल्लियो धरती काँप्यो मन
सखाप पाऱ्यो ठूलो धन जन
जति थामिन खोज्छु आफूं
आँखा अगाडि आउँछ झन्-झन् ।
कि उसलाई दिनोस्, कि उनैलाई दिनोस्
कि गहन जिम्मेवारी आफै लिनोस्
यस्तो मन्द गतिले कहिले कहाँ पुगिने हो ?
विकासे गाडी चारै पाइ्गाले छिट्टो-छिट्टो हिनोस् !

❖❖❖

फूल र अक्षता पूजाको थालिमा सजाई रहने छु
सारा जिन्दगीलाई स्वामितकै सेवामा कजाई रहने छु
जहिलेसँग मेरा यी दुई हात काँटिदैनन प्रभु !
हरपल हजुरकै खुशीको लागि ताली बजाइरहने छु ।

❖❖❖

धमिलो पनलाई राख्रोरी धुन सकेका छैनन्
जसले पढ्यो उसैको मन छुन सकेका छैनन्
ज्ञान, अनुभव र भोगाइको कमीले त होला ?
मेरा मुक्तकहरू अझै परिपक्व हुन सकेका छैनन् ।

❖❖❖

मान्ने त ऊ पनि मान्ने नै हो
एउटा अमीर हो अर्को थाइने हो
पहिलो मन्दिरको भित्र पुगेर माग्छ भने
दोस्रोले माग्दै उसैको पछि लाग्ने हो । **क्रमशः**

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल माघ १ गते शुक्रवार, तदनुसार जनवरी १५ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पश्चिको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शिशिर ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज पौषशुक्लपक्षको षष्ठी तिथि ३७ घटि २८ पला अर्थात रातिमा ९ बजेर ४७ मिनेटसम्म त्यसउप्रान्त सप्तमी तिथि लाग्नेछ। आज सूर्य मकर राशिमा, चन्द्रमा मीन राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि १७ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४८ मिनेटमा विभिन्न मूहर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २९ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नैतृत्व कार्य र व्यापारमा असफल हुने, टाढाको यात्रा विफल ।

**वृष** : मान्यजनबाट सहानुभूति, व्यापारिक कार्य सफल, साहित्य क्षेत्रबाट सफलता मिल्नेछ दिन शुभ छ ।

**मिथुन** : सोचेजति काम गर्न असफल, इष्टमित्रको विरोध झ्ँल्नुपर्नेछ, जागिरबाट धोका हुन सक्ने चनाखो हुनुहोला ।

**कर्कट** : व्यापार व्यवसायबाट घाटा हुन सक्नेछ, स्वास्थ्यमा एक्कासी खराबी आउन सक्नेछ, मानसिक चिन्तन हुनेछ ।

**सिंह** : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको ठूलो राशिको धेरै हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पूरा ।

**कन्या** : नयाँ व्यवसाय गर्नतिर मन जाने, पारिवारिक समस्या सुल्झिनेछ, लामो समयदेखि गरको कार्यमा सम्मान मिल्ने ।

**तुला** : हाजुमाई बीच मनमुटाव हुने, दैनिक उपभोग्य सामग्रीको अभाव, शुरु गरेको विकास निर्माणको कार्य रोकिनेछ ।

**वृश्चिक** : भूमि सम्बन्धि विवाद, वहस पैरवि कार्यकम स्थगित, सुनचाँदी कारोवारमा मन्दी आउनेछ दिन राम्रो रहनेछैन ।

**धनु** : मिश्रहरुको सहयोगले ठूलो काम सम्पन्न, शैक्षिक रोजगारको अवसर मिल्ने, स्वीपशवाट सुख प्राप्त हुने ।

**मकर** : आर्थिक लेनदेनमा विवाद हुनेछ, धार्मिक कार्यमा दिन बिनेछ, पठनपाठन क्षेत्र अस्तव्यस्त हुने, दिन खराब छ ।

**कुम्भ** : शत्रुवाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तवाट विशेष कार्यमा धोका हुने ।

**मीन** : रोजगारीवाट आत्म सन्तुष्टि मिल्नेछ, नयाँ मित्रसंग भेटघाटको अवसर मिल्न सक्नेछ, मानसम्मानको अवसर मिल्ने ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

# साहित्य/सिर्जना



## कथा : अनुराधा

भरत बाग्लुङे

२०५५ सालको मध्ये हिउँदको चिसोलाई थप्ड हान्ने गरी मेरो सेलफोनमा इन्दिरा चिच्याई अजय एउटा दुर्घटनाको खबर छ । आफुलाई सम्हाल है । इन्दिराको अमृत भाषाले मेरो आँठबाट निस्कन अटिको आवाज सुखाँचरि अडिकन्छ । इन्दिरा धरमराएको आवाजमा बोलिरहेकी थिई अनुराधा अब यो दुनियामा सजिब छैन । अनुराधाको मृत्युकी खबरले मेरा हात खुट्टारू लग-लग कॉप्न थाल्छ, मुटुको गति बढेर आएको धुकधुक आवाज मेरा कानमा बज्न थाल्छ र आँखाबाट बर्रर आँसु झर्छन् त्यसपछि म उभिएकै ठाउँमा पच्चक्क बस्न पुग्छु ।

आँखा बरिपरी अनुराधाको निर्धाँप चेहेराको प्रतिच्छाया घुमिरहन्छ र कानमा उसको सुसेलिंदा आवाज बजिरहन्छ- ए कवि तिमी चिया कालो लिन्छौ की दुध राखेको तर म त दुध चिया नै लिन्छु है । के साँच्चि अब यो आवाज मैले कहिल्यै सुन्न पाउने छैन ? आकैलाइ प्रश्न गर्छु र आँसुले भरिएका आँखा उठाएर भित्तामा झुन्डी जनआन्दोलनको मोर्चामा मुठ्ठि उठाएर उभिईरहेकी अनुराधाको फोटोलाई निर्याल्छु । उ शान्त र गम्भीर थिई ।

अनुराधाको मृत्यु स्वीकार गर्न सक्दिन म तर यो स्वीकार्नै पर्ने बाध्यता भएर मेरो साथु उभिन आईपुगेको एउटा तितो दुर्घटना थियो मेरो लागि ।

कॉरब दुई सातापछि इन्दिरासंग भेट हुन पुग्यो मनबाट अनुराधाको मृत्युले दिएको दुख्, वेदना बीमकी उन्लाइस भएको थिएन तैपनि मन बलियो गरि बधिर म इन्दिरासंग अनुराधाको मृत्युको कारण सोध्छु ।

मलाई विश्वास थियो अनुराधा सानोतिनो चोटले दुबर पलायन हुने प्रवृत्तिकी कैटी थिईन ।

'उसले मेटासिड खाएर मरेकी रैछ ।' इन्दिराले मेरो सवालको प्रतिउत्तरमा भनी ।

'तर किन ?'

'पोष्टमार्टम रिपोर्टमा लेखिएको छ रे उसको पेटमा चार महिनाको गर्भ थियो ।'

इन्दिराको पछिल्लो कुरोले म एकपटक छाँगाबाट खसे झैं हुन्छु- यो कसरी सम्भव हुन सक्छ ? अनुराधा त्यस्तो प्रवृत्तिकी कैटी थिईन यो सब कसरी भयो ? म मनमा प्रश्न र उत्तर एकासय खोज्न थाल्छु ।

'के सोच्दै हुनुहुन्छ कवि ज्यू ?' इन्दिराको आवाजले मेरो एकाग्रता भंग गराईदिन्छ । उ मेरो ख्याउटे चेहेरामा हेरेर मुस्कक हाँसिदिन्छे तर उसको हाँसोमा अनुराधा प्रतिको स्नेहका थुपै विश्वासहरू जीवित देखिन्थे ।

'तर इन्दिरा यो कुरोमा मलाई विश्वास लाग्दैन, तिमीलाई त अनुराधाको बानी बारेमा थाहा कुरा छ ।' उ कसरी यस्तो कर्ममा लागि कैदी त थाह होला नी तिमीलाई ? मैले सोधें ।

'थाहा पाएर पो हामीले के गर्न सक्छौं र । अनुराधाले आत्महत्या गरी तर उसले आत्महत्या गर्नुको कारक हत्यारा साबित हुँदैन । जीवनलाई मृत तुल्याउनु जघन्य अपराध हो तर कानुनमा सोही अपराधको हात माथि हुन्छ ।' इन्दिराले भनी ।

'त्यसो भनेर कहाँ हुन्छ ?' म अपराधलाई कानुनको आमाले ढाकेर स्वीकृत गर्न सक्दिन इन्दिरा ।

'यो शीर्फ हामो पीडाले जन्माएको आकोशको पीडा मात्र हो ।'

'तिमी जे भन !'

'पैसको प्रतिच्छाया हो यो आकोश जहाँ अनुराधालाई हामीले पैसे गारिरहेको अहम् प्रदर्शन गरिरहन्छौं ।' इन्दिरा अझै आफ्नो ठाउँमा पच्चक्क बस्न पुग्छ

# आफ्नैले दिएको पीडामा न्यायले मल्हम लगाउँदा...

**पोखरा ३० पुस ।**

लामो समयदेखि गुरुङ समुदायको धार्मिक संस्कारबाट बञ्चित गराइएकी पर्वत पाखापानीकी हिलमाया गुरुङले ३५ वर्ष पछि न्याय पाएकी छिन् । पर्वत पाखापानी बडा नं. ८ लाम्तुनकी हिलमाया गुरुङलाई सोही ठाउँ निवासी नातालै घरतर्फ काका र माइततर्फ मामा ससुरा पर्ने व्यक्ति जोजेन्द्र गुरुङले विभिन्न बहानामा धार्मिक संस्कारबाट बञ्चित गराउँदै आएका थिए । हिलमायाका बाबुले आफ्ना दुई छोराको निधन पछि केहि सम्पत्ति हिलमायाको नाममा बकस गरिदिएपछि रुष्ट हुँदै आएका जोजेन्द्रले हिलमायालाई विभिन्न शब्द प्रयोग गरि अपमानित गर्दै आएका थिए । गुरुङ समुदायका धार्मिक पुरेत समेत रहेका जोजेन्द्रले ७३ वर्षीय एकल महिलाको भावनामा माथि प्रहार गर्दै उनलाई गुरुङ समुदायको चेली नभएको, अलच्छिनी र विभिन्न आरोप लगाई मानसिक यातना दिँदै आएका थिए । जोजेन्द्रले गुरुङ समुदायमा मर्दा पर्दा लगिने कोसेली नस्विकारेको, टिको नफुकाईएको अन्य धेरै संस्कारी कार्यबाट बञ्चित गराउँदै सबैका अगाडि अपमानित गर्दै आएको हिलमाया बताएकी छिन् । बर्षौदेखि आफ्ना पुर्खाले मानि आएको धार्मिक संस्कारबाट बञ्चित गराउँदा आफू मानसिक रुपमा विक्षिप्त बनेको उनले बताइन् । आफ्नहरु माथिको अन्यायलाई सहन नसकि छोरि कल्पना र छोरा राजेश गुरुङ न्यायका लागि समाज घरहरुमा पुगेका थिए । पैसा र शक्तिको आडमा सबैलाई प्रभाव पार्ने सबले जोजेन्द्रले प्रशासनलाई समेत ठाडै चुनौति दिदै आफ्नो अन्यायपूर्ण व्यवहार दोहोराउन छोडेनन् । पीडित पक्षले राष्ट्रिय महिला आयोग, जिल्ला प्रशासन कार्यालय, समाजघर एवं विभिन्न निकायमा अन्यायकालागि आग्रह गरेको थिए । अन्ततः पीच २८ गते जिल्ला प्रशासन कार्यालय कास्कीमा सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद रेग्मीको रोहबरमा गुरुङ समाजका अगुवा व्यक्तिहरुको चहत् छलफल पछि जोजेन्द्र आफ्नो गल्ती स्वीकारे ।

आफूबाट अन्याय भएको भन्दै अब आइन्दा कुनै पनि संस्कारबाट बञ्चित नगराउने र अपमान नगर्ने भन्दै टिका लगाउँदै लिखित रुपमा सहमतिमा आएका हुन् । टिका लगाउन सहमत भएपनि जोजेन्द्रले ३५ वर्ष अगाडि भान्जालाई दान गरेको जग्गा दिन भने मानेनन् । उक्त जमिनमा हिलमायाको परिवारले लाखौं खर्चेर बनाएको दुइ तले घर छ । जोजेन्द्रले सोही जग्गामा स्थित घर हिलमायालाई दिन नमानेपछि पीडित पक्षले सो घर पनि जोजेन्द्रलाइ नै दिएको छ ।

'धन सम्पत्ति भन्दा ठूलो मेरो लागि रीतिरिवाज र मैले मान्दै आएको गुरुङ संस्कार हो त्यसैले मैले घरनै उसलाई दिन तयार भए तर संस्कार छोड्न तयार भइन ।' पहिलो पटक फुकाएपछि हिलमायाले अधिकारी खुशीका आशु पार्दै भनिन्-'आज खुशीले निन्द्रा लाग्ने छैन, यो मेरो जित होइन गुरुङ समुदायको संस्कारको जित हो । सांस्कृतिक अधिकारको लडाइमा आज हामीले जित्यौं ।'

छोरी कल्पना गुरुङ पनि लामो समयको संघर्ष पछि प्राप्त न्यायले आत्मसन्तुष्ट मिलेको बताइन् । 'गुरुङ समुदाय कि छोरी हुँ म, आफ्नो रीतिरिवाज, परम्परा र संस्कारबाट बञ्चित भएर कसरी रमाउन सक्छु धन सम्पतिको माथि कुरा रहेन, यहाँ आफ्नो जात र समुदायबाटै अलग गराएर अपमान गरीयो तसर्थ अन्यायका विरुद्ध लड्न थाकेनौं अन्ततः आज खुशी मिलेको छ' -गुरुङले भनिन् । जोजेन्द्रको मानसिक यातना पछि हिलमाया पोखरा छोरीको घरमा बस्दै आएकी थिइन् ।

**(जुम्ला वर्षा शर्माबाट)**

# सरकारकोमात्र मुख ताक्ने प्रवृत्ति अन्त्य गरौं-जिशिअ

**गोल्डेन न्युज संवाददाता**
**पोखरा ३० पुस ।**

शिक्षाको गुणस्तर सुधारको लागि विद्यालय सुधार योजना अध्यावधिक तथा विद्यालयमा सामाजिक परीक्षण कार्यशाला पोखरामा सम्पन्न भएको छ । चार दिने कार्यशालाको समापनका अवसरमा बोल्दै जिल्ला शिक्षा अधिकारी विष्णुप्रसाद अधिकारीले हरेक कुरामा राज्यको मुख ताक्ने प्रवृत्ति रहेको भन्दै शिक्षाको गुणस्तर बढ्दा लागि विद्यालय स्तरबाट नै लाग्नुपर्नेमा जोड दिए । उनले भने-"हामीसित स्रोतको हैन सोचको अभाव छ । हरेक कुरामा

# बिग आइतमा २० छानिए

**पोखरा ३० पुस ।**

छैठौं चरणको बिग आईकन अन्तरगत बिहीबार उत्कृष्ट २० प्रतिस्पर्धी छनौट भएका छन् । बिभिन्न ६ बटा चरणबाट छानिएर आएका २४ जना प्रतिस्पर्धीहरु मध्ये पाँच जना प्रतिस्पर्धी बाहिरिएपछि प्रतियोगिता उत्कृष्ट २० चरणमा आईपुगेको हो । बिहीबार भएको अडिसनमा प्रतिस्पर्धीहरु उमा चौधरी, मेघराज बर्दैवा, पुष्पा थकाली, प्रतिमा कुँवर र निशान बराल बाहिरिए । उत्कृष्ट २० प्रतिस्पर्धीहरुको आगामी चरणको अडिसन आईतवार हुने एफएमका कार्यक्रम संयोजक संजोग वस्यालले जानकारी दिए । बिग आईकनको यो सिजनमा कुल ४२ जिल्लाका ९ सय ३ जना प्रतिस्पर्धीहरुले सहभागिता जनाएका थिए ।

# दलित अगुवा नेता विश्वकर्माको निधन

**पोखरा ३० पुस ।**

नेपालको प्रजातान्त्रिक आन्दोलनका साथै दलित मुक्तिको आन्दोलनमा २०७७ सालदेखि क्रियाशील राष्ट्रिय दलित आयोगका संस्थापक अध्यक्ष पदमसिंह विश्वकर्माको निर्मोनियाका कारण ८६ वर्षको उमेरमा पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा बिहीबार निधन भएको छ । वागलुङ नगरपालिका-९, लमगाउँ स्थायी वसोवास भएका विश्वकर्मा श्रीमती र एक छोरी छन् । नेपालमा २०७७ सालको क्रान्तिमा पश्चिम भेरीको नेतृत्व सम्हालेका विश्वकर्मालै नेपालको प्रजातान्त्रिक आन्दोलनमा विशिष्ट योगदान पुर्याएका नेपाली कंग्रेस बागलुङका कार्यवाहक सभापति जगदीशचन्द्र उपाध्यायले बताए । स्व.नेता विश्वकर्मालाई नेपाली कांग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा, उपसभापति रामचन्द्र पौडेल, महामन्त्री कृष्णप्रसाद सिटौला, केन्द्रीय सदस्य प्रदिप पौडेल र गगनकुमार थापा, कास्की कंग्रेसका सभापति यज्ञबहादुर थापा, नेता शुकराज शर्मा, सोभियतबहादुर अधिकारी, पोखरा उपत्यका नगर विकास समितिका पूर्व अध्यक्ष दुर्गा तिमल्सिना तथा नेपाल प्रेस युनियन कास्कीका सभापति शिरोमणि बरालसायतले श्रद्धाञ्जली व्यक्त गरे ।


## हार्दिक सम्वेदना

जन्म:
वि.स.-१९८६

स्वर्गारोहण
वि.स.-२०७२

**स्व. पदमसिंह विश्वकर्मा**

**दलित आन्दोलनका अगुवा, राष्ट्रिय दलित आयोगका संस्थापक अध्यक्ष तथा नेपाली कांग्रेसका क्रियाशील सदस्य पदमसिंह विश्वकर्माको ८६ वर्षको उमेरमा दु:खद निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको सय दु:खद घडिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।** साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

अध्यक्ष एवं
**नेपाल दलित संघ कास्की परिवार**

## हार्दिक सम्वेदना

जन्म:
वि.स.:१९९८/०३/०३

स्वर्गारोहण
वि.स.२०७२/०८/१९

**स्व. तुलबहादुर पुन**

**नेपाल निर्माण व्यवसायी संघ कास्कीका साधारण सदस्य, एम.एन.एन. कन्ट्रक्सनका प्रोपाइटर धनबहादुर पुनका पुजनीय पिता तुलबहादुर पुनको दु:खद् निधन भएको हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारज्नमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।**

दिपेन्द्र मर्सानी
सचिव

ऋषिराम गौतम
अध्यक्ष

**नेपाल निर्माण व्यवसायी संघ कास्की परिवार**
राष्ट्रबैंकचोक, पोखरा (टुरिष्ट बसपार्क)

## खुशीको खबर !

के तपाईलाई लागोभागी भई छेवभेर गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गड्डो पार लगाउने देवी हुनुहुन्छ । साथै दाह ढुवेको, बाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्टिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिस्वाघोक प्रतिष्ठालय नजिक)
बडा नं. २ घर नं. २ । सम्पर्क : ४८३६२८५४५४

## वैदेशिक रोजगारको सुवर्ण अवसर

**Abudabi-Qbai** कतार, साउदी आदिमा सेक्युरिटी गार्ड, कुक, वेटर ड्राइभर, अफिस ब्वाई, रुम ब्वाई लगायतका काममा जान चाहने व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला । साथमा **Abudabi को Spark Middle Est Star Skill force UAE को DPS कतारको Grup-4, बहरानइज, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि. बाट अन्तर्राष्ट्रिय स्तरको Diphomatic सेक्युरिटी गाडए तालिम अंग्रेजी भाषा र अन्तर्वार्ता तयारी कक्षाहरु भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।**

**फिसर इम्पोइमेन्ट एण्ड आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.**
सम्पर्क : ४८४६३५५३४२ (डिल्ली अर्वाल), ४८५६०३५४४२
४८०६७०८२४६, ४८०६७०८२४७, ४८४६१४२३३१
०६१-५३०७२४, ५३५३६२ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिजाब विकास बैंकको ठीक अगाडि, पोखरा विजनेस कम्प्लेक्सको दोस्रो तला)

प्रो. बद्री के.सी. : ४८५६०२४८४६
प्रो. गोपाल बहादुर कार्की : ४८५६०३१८७२
प्रो. राजेश के.सी. : ४८५६०३७३१७

## इन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फूल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्पर्कनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

## पोखरामा पहिलो पटक

- यौनदुर्बल : लिङको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल स्प्रिमेनेट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, गुलाइ कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन सप्त अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Builds घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी युरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउने।
- दाँड तथा जोर्नी दुखाई ठिक पार्ने, सस्तो सुधा पेवलिन।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

**पोखरा हर्बल होम्स**
(भाडभटैनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

## विदेश जानेहरुका लागि सुवर्ण अवसर

**Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुबई र कतारको Grup-4 Security** कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

**हाम्रा विशेषताहरु :-** तयारी कक्षा धमाधम चलिरहेको छ ।
०-तालिमरत उत्तीर्ण गराउन सफल ०-आफ्ने मेनपावर कम्पनीबाट प्रोसेस गराइने ।
०-१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

**सम्पर्क : फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेस कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५२०५२२, मो. ९८४६०-४१९२८

## सस्तोमा जहाज टिकट

**सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्पर्कनुहोस् ।**

**World Int'l Travels & Tours Pvt. Ltd.**
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

## अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

**Abudabi को PSBD : Spark, Middle est-Star Skill Force दुबको DPS : Etisaleel star कतारको Group-4 बहराईन, मकाउ आदि देशहरुमा सेक्युरिटी गार्डमा जान चाहने व्यक्तिहरुलाई यस प्रा.लि बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्डमा तालिम, अंग्रेजी भाषा र अन्तर्वार्तामा तयारी कक्षाहरु संचालन भई रहेको हुँदा इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गरी आफ्नो भीकाको फाईदा उठाउनु होला ।**

**हाम्रा सेवाहरु :**
१. 100% उत्तीर्ण गराउन सफल !
२. आफ्नै मेन पावरबाट प्रोसेस गराइने (फिस लेइर इम्लाइमेन्ट सर्भिस प्रा.लि.)
३. DPSL PSBD का Objective & Mobel question Answer को Practical गराइने
४. व्यवहारिक एवं वैदुानिक ज्ञान पुर्ण रुपमा हासिल गराइने ।
५. १ वर्षमै ५ सय भन्दा माथि सेक्युरिटी गार्ड पास गराउन सफल ।

**आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.**
सम्पर्क : ४८४६३५५३४२ (डिल्ली अर्वाल), ४८५६०३५८६२ (तिलबहादुर)
४८०६७०८२४६, ४८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेस कम्प्लेक्सको दोस्रो तला)

जीवन के.सी.

मो. ९८४६०-३८०६६
९८०६६-८०८८५

## पञ्चमुखी लक्ष्मी सप्लायर्स

हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८

विवाह व्रतबन्ध लगा.ज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्पर्कनुहोस् ।

## अनेक समस्या सफल उपचार

**ज्याण्डिस:** खाना रुचि नहुने, अमिलो पानी आउने, झुत्तिल दकार आउने जस्तो सुकै पुरानो ग्यास्ट्रिकको सफल उपचार ।

**यौन समस्या:** शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्खलन हुँदा जस्तो सुकै यौन समस्याको सफल उपचार ।

**महिला सम्बन्धि समस्या**
महिनावारी गाढबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट दाह्रे कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धब्बा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन धातासम्बन्धी कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक एग्जिबट सफल उपचार ।

**जाँड रक्सी थाहा नदिई कहि दिनमै छुटाउने**

**सुन्दरता :-** कालो छायाँ पोतो, इण्डिफोर, दाम छाला, मस्याङ, कोढी, छाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

**थप उपचार :-** ग्रेभर, सुजर, जण्डिस, पिलास, झाइस, दम साँचि बात, दाह कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।

**शितल आयुर्वेद फर्मा**
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३९८६७, ०६-५२२४१४८, मो. ९८४६१३७४९८

# 'ढुङ्गेसाँघु मेला' आगामी वर्षदेखि 'महोत्सव'

**राजाराम पौडेल/गोल्डेन**
**पोखरा ३० पुस ।**

आज माघे संक्रान्ति पर्व, देशभर स्नान, दानलगायत विभिन्न धार्मिक कार्य गरी मनाईँदैछ । आजैदेखि सूर्य धनु राशिबाट मकर राशिमा मकर राशिमा प्रवेश गर्ने हिसाबले यस पर्वलाई मकर संक्रान्ति पनि भनिन्छ । आजको दिन घिउ, चाकु, तरुल, तिलको लड्डु, फुराला, खिचडीलगायतका परिकार खाने गरिन्छ । थारु समुदायले यस पर्वलाई नयाँ वर्ष प्रारम्भ भएको दिनका रुपमा मनाउने गर्छन् । माघे संक्रान्तिलाई मकर संक्रान्ति पनि भनिन्छ । यस पर्वलाई थारु समुदायले माघि भनेर मनाउँछन र नयाँ वर्ष मान्ने गर्छन् ।

ज्योतिषीहरुको भनाइ अनुसार सूर्य धनुबाट मकर राशिमा सङ्क्रमण गरेको दिन भएकोले यस दिनको नाम मकर सङ्क्रान्ति रहन गएको हो । सूर्यको उदयविन्दु दक्षिणतर्फबाट उत्तरतर्फ सर्ने भएकोले यस दिनबाट उत्तरायण सुरू हुन्छ भन्ने मान्यता छ । उत्तरायणको अवधिमा तुलनात्मक रुपमा दिन लामा हुने र तापक्रममा वृद्धि भई गर्मी मौसमको प्रारम्भ हुने गर्दछ । माघे सङ्क्रान्तिका दिन विशेष गरी बगतरुल, सखरखन, खुँवी, चिउरा, घ्यु, चाकु र विभिन्न परिकारहरू तयार पारेर खाने गरिन्छ । यसै दिन भक्तपुर जिल्लाको टौमढी टोलमा तिलमाधव नारायणको मन्दिरमा मेला लाग्छ । इलाम जिल्लाको माइवेनी र झापा जिल्लाको प्रसिद्ध धार्मिक नदी कन्काईमा हिन्दू धर्मावलम्बीले मकर स्नान गर्छन् । सुनसरी जिल्लाको प्रसिद्ध धार्मिक तीर्थस्थल वराहक्षेत्रमा माघे सङ्क्रान्तिका दिन

बिहानैदेखि हजारौं हिन्दू धर्मावलम्बीले स्नान गरी भगवान विष्णुको पूजा आराधना गर्छन् । चर्चित माघे सङ्क्रान्ति मेला रूरू क्षेत्र रिडीमा तीन दिनसम्म लाग्छ । धार्मिक र पर्यटकीय महत्व बोकेको तनहुँको देवघाटमा तीन दिन मेला लाग्छ । मेलासँगै गलेश्वर आश्रममा लक्ष्यवेध गरिन्छ ।

यता माघेसंक्रान्ति पर्वको अवसरमा पोखराको ढुङ्गेधुप्पा मेला लाग्ने गर्दछ । बिना प्रचार-प्रसार बर्षेनी आयोजना हुँदै आएको यो ढुङ्गेसाँघुको मेलाको अवलोकन गर्न हजारौं दर्शक पोखराको ढुङ्गेसाँघु पुग्ने गर्दछन् । परम्परागत रुपमा लाग्दै आएको यो मेला हेर्न पुरोका दर्शकको भिँडलाई व्यवस्थापन गर्न आयोजकलाई हम्मेहम्मे पर्दछ । प्रत्यक वर्ष माघेसंक्रान्तिको दिन लाग्दै आएको मेलामा नपुग्नेलाई लाग्न सब्छ अब त मेला पनि लाग्न छाड्यो होला भनेर । किनभने यस्ता मेलाले संचारमाध्यममा प्रचार पनि पाउन छाड्दिसकेका छन् । तर वर्षभरीलाई चाहिने कुटी, कोदालो मात्र नभएर नाइलो, मान्ती अनि हर्सियासम्म किन्नका लागि जानेहरुको भीड घटेको अझै छैन । यस्तो पुष्टि धार्मीक तथा सांस्कृतिक महत्व बोकेको पोखराको ढुङ्गेसाँघु मेलामा बर्षेनी दर्शकको संख्या बढ्दै गएबाटनै हुन्छ । सदाशिवजि सिद्धेश्वर हरिहर मन्दिर समितिद्वारा आयोजित मेलामा प्रचार-प्रसार बिनानै दर्शकको सहभागिता बढ्दै गएको समितिका अध्यक्ष ऋषिराम भण्डारीले बताए । एकाँदेने मेलामा एक लाख ५० हजार भन्दा बढि दर्शकले अवलोकन गर्ने तथा झण्डै एक करोडको कारोबार हुने बताए । सदाशिवजि सिद्धेश्वर हरिहर मन्दिर समितिद्वारा आयोजित मेलामा प्रचार-प्रसार बिनानै दर्शकको सहभागिता बढ्दै गएको समितिका अध्यक्ष ऋषिराम भण्डारीले बताए । एकाँदेने मेलामा एक लाख ५० हजार भन्दा बढि दर्शकले अवलोकन गर्ने तथा झण्डै एक करोडको कारोबार हुने उनले जनाए । सदाशिवजि सिद्धेश्वर हरिहर मन्दिर समितिद्वारा आयोजित मेलामा प्रचार-प्रसार बिनानै दर्शकको सहभागिता बढ्दै गएको समितिका अध्यक्ष ऋषिराम भण्डारीले बताए । एकाँदेने मेलामा एक लाख ५० हजार भन्दा बढि दर्शकले अवलोकन गर्ने तथा झण्डै एक करोडको कारोबार हुने उनले जनाए ।

भगवान राम र सितालै माघेसंक्रान्तिको दिनमा त्यहाँ बसेर खाजा खाएको धार्मिक विश्वास रहेकोले श्रद्धालु ढुङ्गेसाँघु भन्ने भन्दै यसपाली सानादेखि ठूला गरी तीन सय भन्दा बढी स्टल मार्फत कारोबार हुने उनले जनाए । भगवान राम र सितालै माघेसंक्रान्तिको दिनमा त्यहाँ बसेर खाजा खाएको धार्मिक विश्वास रहेकोले श्रद्धालु ढुङ्गेसाँघु भन्ने भन्दै यसपाली सानादेखि ठूला गरी तीन सय भन्दा बढी स्टल मार्फत कारोबार हुने उनले जनाए । भगवान राम र सितालै माघेसंक्रान्तिको दिनमा त्यहाँ बसेर खाजा खाएको धार्मिक विश्वास रहेकोले श्रद्धालु ढुङ्गेसाँघु भन्ने भन्दै यसपाली सानादेखि ठूला गरी तीन सय भन्दा बढी स्टल मार्फत कारोबार हुने उनले जनाए ।

वि.स.१८७४ सालबाट निरन्तर रुपमा मेलाको आयोजना गरिएको भन्दै यसपाली खाजा खाएको धार्मिक विश्वास राख्दै आएको यो मेला हेर्न पुरोका दर्शकको भिँडलाई व्यवस्थापन गर्न आयोजकलाई हम्मेहम्मे पर्दछ । प्रत्यक वर्ष माघेसंक्रान्तिको दिनमा त्यहाँ बसेर खाजा खाएको धार्मिक विश्वास रहेकोले श्रद्धालु ढुङ्गेसाँघु भन्ने भन्दै यसपाली सानादेखि ठूला गरी तीन सय भन्दा बढी स्टल मार्फत कारोबार हुने उनले जनाए । भगवान राम र सितालै माघेसंक्रान्तिको दिनमा त्यहाँ बसेर खाजा खाएको धार्मिक विश्वास रहेकोले श्रद्धालु ढुङ्गेसाँघु भन्ने भन्दै यसपाली सानादेखि ठूला गरी तीन सय भन्दा बढी स्टल मार्फत कारोबार हुने उनले जनाए ।

वि.स.१८७४ सालबाट निरन्तर रुपमा मेलाको आयोजना गरिएको भन्दै यसपाली सानादेखि ठूला गरी तीन सय भन्दा बढी स्टल मार्फत कारोबार हुने उनले जनाए । वि.स.१८७४ सालबाट निरन्तर रुपमा मेलाको आयोजना गरिएको भन्दै यसपाली सानादेखि ठूला गरी तीन सय भन्दा बढी स्टल मार्फत कारोबार हुने उनले जनाए ।

हाल मेला हेर्न कास्की र यसआसपासका जिल्लाबाट दर्शक आउने गरेको भएपनि यस्लाई व्यवस्थित ढंगले सञ्चालन गर्न सकने हो भने दर्शक सहभागिता बढ्ने मात्र नभएर पर्यटकका लागि नयाँ हब बन्ने उनीहरुको दावी छ । आगामी वर्ष भने महोत्सवकै आयोजना गर्ने तयारी भएको समितिका अध्यक्ष भण्डारीले बताए । 'आगामी वर्ष देखि महोत्सवको रुपमा नै मेलाको आयोजना गर्ने योजना बनाएका छौं उनले भने ।

पोखराका अन्य ठाउँमा मेला-महोत्सवको आयोजना हुन नथाल्दै ढुङ्गेसाँघुको मेलाको आयोजना हुदै आएको हो । त्यसैलेत पोखराको देउराली समूहले वि.स.२०५२ सालको अन्त्यतिर बजारमा ल्याएको 'अन्यौल' नामक एल्बममा समावेश गरिएको 'ढुङ्गे साँघुको मेलामा' बोलको गीतले कमाएको चर्चा अझैसम्म कायमै छ । शान्त बजाचार्यले स्वर रहेको उक्त गीत ढुङ्गे साँघुको मेला अर्थात् माघे संक्रान्तिको बेलामा पोखरा आसपासमा निकै बज्ने गर्दछ । त्यस्तैगरी स्व. विनोद गौचनले २०५५ सालमा 'ढुङ्गेसाँघुको मेलामा' कविता संग्रह प्रकाशन गरे भने पोखरेली गायक उज्वल भण्डारीले आफ्नो दोस्रो एल्बम घरको चिनारीमा 'यसपाली ढुङ्गेसाँघुमा' गीत समावेश गरे । यतिमात्र हैन ढुङ्गेसाँघुमेलाको महत्वको बारेमा चर्चा गरेर विभिन्न श्रष्टाले सिर्जना गरेका कृतिले भनै यो मेलाको महत्वलाई प्रष्टयाउँदछ । परापूर्वकालदेखि चलिआएको यो मेलाको संरक्षण र व्यवस्थापनमा भने खासै ध्यान पुग्न सकेको देखिँदैन ।

# नागरिक सम्मान अधिकारीलाई

**गोल्डेन न्युज संवाददाता**
**पोखरा ३० पुस ।**

जगदम्बा ट्राभल्स पोखराका अध्यक्ष एवं पर्यटन व्यवसायी केशवप्रसाद अधिकारीलाई 'राष्ट्रिय नागरिक सम्मान' प्रदान गरिने भएको छ । राष्ट्रिय नागरिक विकास समाज, शान्ति विकास अभियान नेपाल र नेपाल वेलफेयर फाउन्डेसनले आगामी शनिवार अधिकारीलाई सम्मान गर्ने कार्यक्रम छ । शान्ति र विकासप्रति समर्पित भई राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएवापत अधिकारीलाई सम्मान गर्न लागिएको जनाएको छ । विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने विशिष्ट व्यक्तित्वहरुलाई समाजले सम्मान गर्दै आएको छ । सामाजिक क्षेत्रमा अझ बढी योगदान पुऱ्याउनका लागि नागरिक सम्मान गर्ने खबरले थप प्रेरणा मिलेको अधिकारीले बताए ।

आर्थिक विकास लगायत क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएवापत अधिकारीलाई सम्मान गर्न लागिएको राष्ट्रिय नागरिक विकास समाजले जनाएको छ । विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने विशिष्ट व्यक्तित्वहरुलाई समाजले सम्मान गर्दै आएको छ । सामाजिक क्षेत्रमा अझ बढी योगदान पुऱ्याउनका लागि नागरिक सम्मान गर्ने खबरले थप प्रेरणा मिलेको अधिकारीले बताए । 'आगामी वर्ष देखि महोत्सवको रुपमा नै मेलाको आयोजना गर्ने योजना बनाएका छौं उनले भने ।

# रेडियो गण्डकीको अध्यक्षमा कडेल

**पोखरा ३० पुस ।**

पोखराको रेडियो गण्डकीको अध्यक्षमा अग्नी प्रसाद कडेल चयन भएका छन् । गण्डकी सञ्चार गृहमा भएको एक कार्यक्रमका बीच कडेल अध्यक्षमा चयन भएका हुन् । अध्यक्षमा चयन भएपछि कडेलले उत्कृष्ट सञ्चार गृह बनाउनको लागि आफ्नो भूमिका केन्द्रीत हुने बताए । सामुदायिक रेडियोको भूमिका अझ बढी हुने भएकोले आफ्नो जिम्मेवारी अझ बढाउने बताए । कडेल पूर्वकेन्द्रीय सदस्य समेत रहेका कडेल टेसा पोखरामा पूर्वअध्यक्ष पनि हुन् । चाल्हुङ स्थायी घर भएका कडेल पोखरामा २० वर्ष देखि पर्यटन व्यवसायमा संलग्न छन् । सामाजिक क्षेत्रमा क्रियाशिल कडेलले पोखरा पर्यटन पुनःजागरण समितिको प्रशासनिक संयोजक समेत रहेर काम गरेका छन् । उनी पोखरा पर्यटन परिषदको सल्लाहकार पनि हुन् । कार्यसमिति सदस्यमा चयन सीमा ढकालले सबैलाई धन्यवाद दिदै रेडियोलाई साझे बनाउने अभियानमा सबैको साथको अपेक्षा गरिन् ।

कार्यक्रममा गण्डकी माछापुच्छे सञ्चार सहकारी संस्थाका अध्यक्ष ज्ञान बहादुर कोइराला, प्रबन्ध निर्देशक लक्ष्मण गुरुङ, गण्डकी टेलिभिजनका अध्यक्ष राजकुमार केसी, संस्थाका सचिव लोक प्रसाद बज्रारा, स्थानीय शान्ति समिति कास्कीका संयोजक रामजी बराल, रेडियोका स्टेशन म्यानेजर घनश्याम पाण्डेय, टेलिभिजनका स्टेशन म्यानेजर अपिल विपाठी लगायतले अध्यक्ष कडेललाई बधाई दिदै कार्यसफलताको शुभकामना व्यक्त गरेका थिए ।

# गरिमा विकास बैंकको अध्यक्षमा पुनः खाण

**गोल्डेन न्युज संवाददाता**
**पोखरा ३० पुस ।**

पोखराको महेन्द्रपुलमा प्रधान कार्यालय रहेको गरिमा विकास बैंक लिमिटेडको नवौं वार्षिक साधारण सभा विहीवार पोखरामा सम्पन्न भयो । साधारण सभाले शेयरधनीहरुलाई २० प्रतिशत बोनस शेयर (लाभांश) वितरण गर्ने प्रस्ताव पारित गरेको छ ।

पारित बोनस शेयर सहित बैंकको चुक्ता पुंजी रु. ८५ करोड ३२ लाख पुगेको छ । बैंकको साधारण सभाबाट अधिकृत पुंजी वृद्धि गरी ३ अर्ब पुऱ्याएको छ भने मर्जर तथा एक्विजिसन सम्बन्धि प्रक्रिया अगाडि बढाउन साधारण सभाले संचालक समितिलाई अख्तियारी प्रत्यायोजन समेत गरेको प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकालले बताए । साधारण सभाले बैंकको संस्थापक शेयरधनी समूहको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ४ जना संचालकमा दिलिपप्रताप खाण, चन्द्रकान्त वराल, श्यामप्रसाद बस्याल र हरिकुमार श्रेष्ठ तथा सर्वसाधारण शेयरधनी समूहको तर्फबाट संचालक समितिमा सौंज ढकाल, केशवराज ढकाल र विमल पाण्डेलाई सर्वसम्मतिवाट निर्वाचित गरेको छ । साधारण सभापश्चात सोही दिन बसेको नवनिर्वाचित संचालक समितिको बैठकले दिलिपप्रताप खाणलाई अध्यक्षमा निर्वाचित गरेको प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकालले बताए ।

# छैठौं पोखरा...

शंकर प्रसाद कोइरालाले पोखरामात्र नभइ समग्र पश्चिमाञ्चल क्षेत्रको विकासमा आफ्नु प्रतिवद्ध र सकारात्मक रहेको बताए । उनले पोखरा अन्तर्राष्ट्रिय चिडियाखाना निर्माणको काम अगाडि बढिसकेको र त्यसमा सरकारी तवरबाट सहयोग आश्वयक भएको स्पष्ट पारे ।

युनाइटेड क्लब पोखराका अध्यक्ष हिमालय वस्नेतको अध्यक्षतामा भएको राप्रपा नेपाल कास्कीका अध्यक्ष जयलाल पुन, क्षेत्रीय उद्योग वाणिज्य संघका अध्यक्ष सञ्जिव बहादुर कोइराला, पोखरा उद्योग वाणिज्य संघका महासचिव रविनसन प्रजु, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठी, पोखरा उपत्यका नगर विकास समितिका पूर्व अध्यक्ष विश्व प्रकाश लामिछाने, अमरसिंह नमुना उच्च माविका प्राध्यानाध्यापक केशव आचार्य, टील विकास संस्था नगर समन्वय समितिका अध्यक्ष उज्जवल केसी, नगर महिला समन्वय समिति पोखराकी अध्यक्ष पवित्रा गुरुङ, मिजी हाडवेयर एण्ड सप्लायर्सका संचालक दिनेश प्रसाद चौधरी, क्लवका उपाध्यक्ष शुकबादुर गुरुङ, सचिव लालकाजी गुरुङ लगायतले बोलेका थिए ।

महोत्सव शुरु हुनुअघि पोखरा रंगशालावाट शुरु भएको झाँकी तथा न्यानीस्तर महोत्सवस्थल अमरसिंहचौर मा पुगेर समापन भएको थियो । ६० टीमको सहभागिता रहेको झाँकी तथा न्याली प्रतियोगितामा झाँकीतर्फ प्रकारका घटनाको घोर निन्दानजक र र भत्सना गर्ने लायक भएको जनाएको छ । विज्ञप्तिमा भनिएको- 'कुनैपनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय, वा शारीरिक अवस्थाको आधारमा कुनैपनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत गर्न पाउदैन ।'

'जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन भन्ने नेपालको संविधान २०७२ को धारा २४ मा उल्लेखित जातीय छुवाछुत तथा भेदभाव विरुद्धको हकको विपरीत र नेपाल पक्ष राष्ट्र भएको सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६५ को मूल्य मान्यता र भावना विपरित जातीय आधारमा गरिएको यस प्रकारको निन्दनिय कार्यको सत्यतथ्य छानविन गरी दोषीहरुलाई कानुनी दायरामा ल्याई पीडितलाई न्याय दिलाउन नेपाल सरकारसँग जोडदार माग गर्दछौं ।'- जारी विज्ञप्तिमा भनिएको छ ।

# सर्वोत्कृष्टलाई स्कूटर

**गोल्डेन न्युज संवाददाता**
**पोखरा ३० पुस ।**

१४ औं आहा ! रारा गोल्ड कप फुटवल प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी पुरस्कारको तीन वर्षका लागि शतप्रतिशत प्रायोजन नेपाल जेनरल मार्केटिङ्ग प्रा.लि.वाट हिरो ड्यास स्कूटर दिने भएको छ । उक्त पुरस्कारका लायग सम्भौता पोखरा शाखा प्रमुख उद्धव कुमार मैनाली र सहारा क्लव पोखराका अध्यक्ष वीरभद्र आचार्य बीच चावी तथा सम्भौता पत्रको एक समारोह बिच आदान-प्रदान गरिएको छ ।

१४ औं आहा ! रारा गोल्ड कप
फुटबल प्रतियोगिता
२०७२
8
दिन बाँकी
स्थान: देवेन्द्र रंगशाल
RARA
रारा तैयारी बाउचा

# तरुण दल लेखनाथमा अन्तर्क्रिया

**गोल्डेन न्युज संवाददाता**
**पोखरा ३० पुस ।**

नेपाल तरुण दल लेखनाथको आयोजनामा लेखनाथमा कार्यकर्ता भेटघाट तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । नेपाल तरुण दल नेपालका केन्द्रीय अध्यक्ष एवं सभासद् उदय शमशेर राणाको प्रमुख अतिथ्यमा भएको कार्यक्रममा उनले नेपालको इतिहासमा २०७७ साल पछि पहिलो पटक कांग्रेसको नेतृत्वमा संविधान बनेको जानकारी दिए । उनले संविधान समावेशी भएको आफ्नो साथीहरुलाई बुझाउन नसकेकोले मधेश केन्द्रित हुन आग्रह गरे । कार्यक्रममा स्वागत मन्तव्य नेपाल तरुण दल लेखनाथका पूर्व अध्यक्ष एवं महाधिवेशन प्रतिनिधि सुरजजंग राणाले लेखनाथ क्षेत्रमा विभिन्न वहानामा युवाहरुलाई दमन गरेकोले पाटी नेतृत्व पतीवाट पहल गर्न अनुरोध गरे । कार्यक्रमका नेपाल तरुण दल क्षेत्रीय सभापति राधाकृष्ण तिवारी, नेपाल महिला संघ कास्की सभापति कोपिला रानाभाट, नेपाली कांग्रेस लेखनाथ नगर सभापति राजेन्द्र मणि लामिछाने, नेपाली कांग्रेस क्षेत्र नं १ सचिव सुरेन्द्रराज अधिकारी, तरुण दल कास्की जिल्ला सभापति मनोज गुरुङ, नेपाल तरुण दलका केन्द्रिय सदस्य मुक्तिराम अधिकारी, तरुण दल नेपालका केन्द्रिय सदस्य ऋषि आफ्ने लगायतले बोलेका थिए । नेपाल तरुण दल लेखनाथ नगर सभापति सागर गुरुङको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन कोपाध्यक्ष खड्ग बहादुर गुरुङले गरेका थिए ।

# खाएको भाँडा नमाभ्दा अपमान र आक्रमण प्रयास

**गोल्डेन न्युज संवाददाता**
**पोखरा ३० पुस ।**

कास्की भदौरे तामागी गाविसको वडा नं. ७ तामागीस्थित कुदमीडाडा गाउँमा एक महिला स्वास्थ्यकर्मी कुटपिटको प्रयास भएको छ । ती स्वास्थ्यकर्मीले खाएको भाँडा नमाजेको भन्दै उनीमाथि आक्रमणको प्रयास भएको हो । भदौरेतामागी गाविसको उप-स्वास्थ्यचौकीमा कार्यरत अनमी अम्बिका सुनारलाई ०७२ पुस २८ गते स्थानीय उपस्वास्थ्य चौकीमै अनमी पोष्टमा कार्यरत हरिक्षामरी गुरुङको छोरा चुटिस अर्मीमा भर्ती भएको खुशीयालीमा आयोजित पार्टीमा उनीमाथि आक्रमणको प्रयास भएको थियो । घटनाक्रम अनुसार सोही गाउँकी ठकुर शोभा गुरुङको होटलमा आयोजित पार्टीमा स्वास्थ्य केन्द्रमा कार्यरत सबै कर्मचारीहरुलाई बोलाइएको थियो । सबै कर्मचारीलाई निम्ता गर्नेक्रममा अम्बिकालाई पनि बोलाइएको थियो । उनले त्यहाँ सहभागी भएर खाना खाइन र भाँडा भने माझिनन् । आफूले खाएको भाँडा नमाझेको भन्दै होटलधनी ठकुरशोभा गुरुङले गालीगलौज र अपमानित र आक्रमणको समेत प्रयास गरेका थिए । आक्रमणको प्रयास भएपछि पार्टीमा सहभागी अन्यले छुटाएका साँझ । उक्त घटनापछि पीडित अम्बिकाले प्रहरीमा उजुरी दिएकी छन । अपमानित गर्दै आक्रमणको प्रयास गर्ने ठकुरशोभा गुरुङ स्वयं महिला स्वास्थ्य स्वंसेविका हुन् । उनीहरुलाई तालिम दिन अम्बिका उप-स्वास्थ्यचौकीमा गएकी थिइन । त्यसैबेला आयोजित पार्टीमा सहभागी अम्बिकालाई गुरुङले खाना खाएको भाँडा माझ्न भनेकी थिइन । 'खाएको भाँडा नमाझेको भन्दै मलाई गुरुङले अपशब्द प्रयोग, अपमान र आक्रमणको समेत प्रयास गरिन् ।'-पीडित अम्बिकाले भनिन्- 'होटल सञ्चालिका ठकुरशोभाका श्रीमानले समेत तँ पढेर ठूली भएपनि कामीकी छोरी कमिनी होस्, तैले खाएको भाँडा तँ आफैले माझनुपर्छ भन्दै हातपात गर्न खोज्दा अहेव हरिबहादुर राइले छुटाउनुभयो ।'

यसैबीच उक्त घटनापछि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र शान्तिका लागि नागरिक समाज सञ्जालले गम्भीर ध्यानाकर्षण भएको छ । नागरिक समाजको सञ्जाल कास्की संयोजक सरला कुमारी पाण्डे र इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराका संयोजक शिव कुवँरेलले संयुक्त विज्ञप्ति जारी गरि उक्त घटनाले मानव अधिकारको उल्लंघन भएको भन्दै २१ औं शताब्दीमा आईपुग्दा समेत भएका यस प्रकारका घटनाको घोर निन्दा गर्दै यस्ता विभिन्न आक्रमणको समेत प्रयास गरिन् ।'-पीडित अम्बिकाले भनिन्- 'होटल सञ्चालिका ठकुरशोभाका श्रीमानले समेत तँ पढेर ठूली भएपनि कामीकी छोरी कमिनी होस्, तैले खाएको भाँडा तँ आफैले माझनुपर्छ भन्दै हातपात गर्न खोज्दा अहेव हरिबहादुर राइले छुटाउनुभयो ।'

यसैबीच उक्त घटनापछि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र शान्तिका लागि नागरिक समाज सञ्जालले गम्भीर ध्यानाकर्षण भएको छ । नागरिक समाजको सञ्जाल कास्की संयोजक सरला कुमारी पाण्डे र इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराका संयोजक शिव कुवँरेलले संयुक्त विज्ञप्ति जारी गरि उक्त घटनाले मानव अधिकारको उल्लंघन भएको भन्दै २१ औं शताब्दीमा आईपुग्दा समेत भएका यस प्रकारका घटनाको घोर निन्दा गर्दै यस्ता विभिन्न आक्रमणको समेत प्रयास गरिन् ।'-पीडित अम्बिकाले भनिन्- 'होटल सञ्चालिका ठकुरशोभाका श्रीमानले समेत तँ पढेर ठूली भएपनि कामीकी छोरी कमिनी होस्, तैले खाएको भाँडा तँ आफैले माझनुपर्छ भन्दै हातपात गर्न खोज्दा अहेव हरिबहादुर राइले छुटाउनुभयो ।'

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९,५४५, फ्याक्स : ५२२२२९, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा